# <u>बिहानको शान्त समय पुस्तिका</u>

# "अर्थव्यवस्थापनमा बिश्वासिलो"

नेपाल चर्च अफ क्राईष्ट

बागबजार, काठमाण्डौ

(घरायसी प्रयोजनको लागि मात्र)

## परिचय

हामी तेस्रो मुलुकमा बस्ने चेलाहरु कतिपय समयमा हामी अरु देशका मानिसहरु भन्दा गरीब छौं भनी सोच्दछौं । त्यसैले हामी निरन्तर हाम्रो आर्थिक ब्यबस्थापन गर्न र परमेश्वरलाई दिन वा अरुलाई दिन सँघर्ष गर्छौं । हामी कहिलेकाहीँ यो पनि सोच्छौं कि मण्डलीमा अरुको तुलनामा हाम्रो आर्थिक अबस्था कमजोर छन् । हामी सोच्छौं कि हामी थोरै कमाउछौं र हामीलाई नै पुग्दैन । जसले गर्दा हाम्रो आफ्नो परमेश्वरप्रतिको विश्वासमा प्रभाव परिरहेको हुन्छ । यस्तै आर्थिक सँघर्षहरुले गर्दा कतिपय समयमा येशूमा समर्पित भएर जीवन जिउन हामीलाई कठिन भइरहेको हुन्छ ।

आज हामीले आफ्नो आर्थिक ब्यबस्थापनलाई जाँच्नु जरुरी छ । हामीले बारम्बार आफ्नो आर्थिक अबस्थालाई जाँचेर यी प्रश्नहरु आफैलाई सोध्नु जरुरी हुन्छ : म कति कमाउँछु ? के म आफ्नो कमाइमा सन्तुष्ट छु ? मैले पुग्ने कमाएको छु भन्ने महसुस गर्नको लागि मैले कति कमाउनुपर्छ होला ? मेरो खर्चहरु के के छन् ? के म आफ्नो कमाइ अनुसार जिउँछु ? के म आफ्नो पैसालाई बुद्धिमानीसँग खर्च गर्छु ? के म खर्च गर्ने बारेमा आवेगमा वा हतारमा निर्णय गर्छु ? के मैले पैसालाई राम्ररी ब्यबस्थापन गर्न नसकेकोमा दोषी महसुस गर्छु ? के म परमेश्वरलाई दिन्छु ? म परमेश्वरलाई कति दिन्छु ? के म अभावमा परेकाहरुलाई मदत गर्छु ? के म मेरो परिवारको आबश्यकतालाई पुरा गर्न सक्छु ? के पैसाको कारणले मेरो घरमा तनाव वा झगडा हुन्छ ? के तपाई अरुबाट सधैं सापटी लिइरहनुहुन्छ ? के तपाईले सापटी लिएपछि समयमा तिर्नुहुन्छ ? के तपाईको जीवनमा ऋण छ ? के तपाईले कुनै कुराहरु धितो राखी पैसा निकाल्नुहुन्छ ?

यो कुरामा हामी सबैलाई केही न केही मदत चाहिन्छ । हामीले यी सबै कुराहरुको उत्तरका लागि परमेश्वरको वचनमा पढ्नुपर्ने हुन्छ । हामीले सही ब्यक्तिबाट सल्लाह पनि लिनुपर्छ । हामीले परिवारमा सल्लाह गर्नुपर्छ ? हामीले आफूले पैसाको ब्यबस्थापन गर्ने तरिकालाई फेरी ध्यान दिनुपर्छ । त्यसकारण अबको ३१ दिन हामी परमेश्वरसँग र उहाँको वचनमा समय बिताउने छौं । यो यात्रामा तपाईलाई पवित्र आत्माले बोल्नुभएको मन छुने कुराहरुलाई टिपोट गर्नुहोस् । तपाईले दैनिक रुपमा सिकिरहनुभएको कुराको बारेमा तपाईलाई आत्मिक रुपमा मदत गरिरहेको ब्यक्तिलाई बताउनुहोस् । तपाईका परिवारका सदस्यहरुले के कुरा सिक्दै हुनुहुन्छ, बसेर छलफल गर्नुहोस् । तपाई आफ्नो वरिपरि भएको दाजुभाई दिदीबहिनीहरु लाई पनि बाँड्नुहोस् ।

पहिलो दिन शुरु गरौं ।

<u>पहिलो दिन  : स्वर्ग र पृथ्विका प्रभु</u>

**भजनसंग्रह- २४ : १- ४**

**-** कल्पना गर्नुहोस् कि तपाईले प्रभूलाई कहिल्यै पनि भेट्नुभएको वा उहाँको बारेमा सुन्नुभएको छैन । तपाईले थाह पाउनुभयो कि उहाँ सबै कुराको मालिक हुनुहुन्छ- तपाईको जीवनको, घरको, भविष्यको, गाडीको, परिवारको । तपाईले बुझ्नु भयो होला , तैपनि उहाँले तपाईलाई नोकरको रुपमा व्यबहार गर्नुहुन्न तर आदरपूर्वक ब्यबहार गर्नुहुन्छ ।

**परमेश्वर सबै कुराको मालिक हुनुहुन्छ भन्ने कुराले तपाईको उहाँसँगको सम्बन्धमा कसरी प्रभाव पार्छ ?** तपाईको धनसम्पत्ति वा **स्रोतसाधनप्रतिको दृष्टिकोणले कसरी परमेश्वरलाई हेर्ने दृष्टिकोणमा कसरी असर गर्न सक्छ ?**

**तपाईसँग भएको हरेक कुराको मालिक तपाई नभई परमेश्वर हुनुहुन्छ भन्ने कुराले तपाईसँग भएको कुराहरुप्रति हेर्ने दृष्टिकोण कसरी परिवर्तन हुन सक्छ ?**

**भजनसँग्रह- ३३ : ६- ९**

परमेश्वरको महानताप्रति बिचार गर्नुहोस् । उहाँले आकाश र ताराहरु बनाउनुभयो । उहाँले गहिरा सागरहरुलाई ढुकुटीमा राख्नुहुन्छ । उहाँका मुखको वचनले सारा सृष्टि रचियो । **हामी उहाँको नजिक कसरी जाने ?**

**भजनसँग्रह- ११५ : १- १५**

अदृश्य परमेश्वर स्वर्ग र पृथ्वीका सृष्टिकर्ता हुनुहुन्छ ।

**यसको मतलव तपाई के बुझ्नुहुन्छ : स्वर्ग परमेश्वरको हो र उहाँले पृथ्वी मानबजातिलाई दिनुभयो ?**

<u>दोस्रो दिन : स्वर्ग र पृथ्वीका प्रभू</u>

**भजनसँग्रह- ९६ : १- १३**

वचन ३ देखि ६, जातिहरुका बीचमा उहाँको महिमको घोषणा गर्नुहोस् ।

**किन परमेश्वर प्रशंसाको सबैभन्दा योग्य, सारा देवहरुभन्दा बढी उहाँकै डर राख्नुपर्छ ? कारण लेख्नुहोस् ।**

**वचन ७ देखि १०, परमेश्वरलाई श्रेय दिनुको अर्थ के हो ? हामी कसरी परमेश्वरलाई उहाँको योग्यको श्रेय दिन सक्छौं ?**

**वचन ११ देखि १३, हामी मौन भइरहँदा पनि सृष्टिको कुन भागले परमेश्वरको प्रशंसा गरिरहेको हुन्छ ?** यो भनिएको छ कि सृष्टिको हरेक भागले परमेश्वरको प्रशंसा गर्दछ, मानिस मात्र एक जीव हो जसलाई प्रशंसा गर्न सृष्टि गारिएकोले प्रशंसा गर्ने निर्णय गर्दछ ।

आज उहाँलाई पृथ्विमा घोषणा गर्ने निर्णय गर्नुहोस् ।

**भजनसँग्रह- ८ : १- ९**

**वचन. १, परमेश्वरको नाउँ सारा पृथ्विमा महान् छ भन्नाले के अर्थ लाग्छ ?**

**परमेश्वर को हुनुहुन्छ भन्ने जानेर तपाई को हुनुहुन्छ भन्ने कुरालाई कसरी महसुस गराउँछ ?**

**<u>तेस्रो दिन : सबैको प्रभु</u>**

**भजनसँग्रह- १०२ : १२**

परमेश्वरको उदेश्य भनेको सबै देशका जातिहरुले उहाँ नै सबैका प्रभु हुनुहुन्छ भनी जानोस् भन्ने हो ।

परमप्रभुको नाउँको भय मान्नु र उहाँका महिमाको आदर गर्नुको अर्थ के हो ?

**प्रेरित- १० : ३४- ३८**

माथीको सन्दर्भमा पत्रुसले महसुस गर्छन् कि मुक्तिको सन्देश सबैका लागि हो, यहुदी र अन्यजातिहरु, किनकि उसले येशू सबैका प्रभु हुनुहुन्छ भनेर कर्नेलियससँग भनेका थिए, जो अन्यजातिहरुमा पहिलो परिवर्तन भएका थिए । देशहरुको नक्सालाई हेर्नुहोस् र सोच्नुहोस् कसरी परमेश्वरले प्रत्येक देशका मानिसहरुले र हरेक जिब्रोले येशूको रगतमुनि एकताबद्ध भएर, उहाँको आराधना गरेको र एकअर्कालाई प्रेम गरेको चाहनुहुन्छ । सबै देशका मानिसहरुका लागि उनीहरुको सृष्टिकर्तासँग सही सम्बन्धमा रहनको लागि प्रार्थना गर्नुहोस् ।

केही देशहरु छान्नुहोस्, जुन तपाईको लागि महत्वपूर्ण छन् र ति देशहरुको मण्डलीको लागि प्रार्थना गर्नुहोस् ।

परमेश्वरका जनहरुलाई आर्थिक, राजनैतिक तथा गाँसबास जस्ता चुनौतीहरुबाट निस्कन र मानिसहरुले येशूको बारेमा जानेस् भनेर प्रार्थना गर्नुहोस् ।

**रोमी- १० : १२- २१**

परमेश्वरको धैर्यता, क्षमा अनि अनुग्रहको लागि धन्यबाद होस् । परमेश्वरले सबै मानिसहरु बचाईएको र सत्यतालाई जानेको कुरा बुझ्नको लागि प्रार्थना गर्नुहोस् । प्रार्थना गर्नुहोस् कि तपाईलाई परमेश्वरको प्रेम देशहरुमा बाँड्न, साँसरिक कुराहरुबाट बाहिर निस्कन, भौतिकबादी, अल्छिपना वा स्वार्थीपनाबाट बाहिर निस्कन मानिसहरुलाई मदत गर्न प्रयोग गर्नुभएको होस् ।

**<u>चौथो दिन : मेरा प्रभु</u>**

**ब्यबस्था- ८ : ६- २०**

**वचन. ६ देखि ९, परमेश्वरले इस्राएलीहरु दिनुभएको देश र आज तपाईको भुमि कसरी तुलना गरिएको छ ? तपाई केका लागि आभारी हुनुपर्छ ?**

वचन. १८, परमेश्वरले धनसम्पत्ति बनाउने क्षमता दिनुहुन्छ । यसको मतलब तपाईको जीवन के हुनसक्छ ?

वचन. १९ देखि २०, परमेश्वरलाई कहिल्यै नभुल्नु लाई आज तपाई कसरी निर्णय गर्नुहुन्छ ?

**१ कोरिन्थी- ६ : १९- २०**

तिमीहरु स्वयं आफ्नै होईनौ, तिमीहरु मोल तिरेर किनिएका हौ । यसकारण परमेश्वरको आदर गर ।

यो वचनले तपाईको लागि के अर्थ राख्दछ ?

**२ कोरिन्थी- ८ : ९ पढ्नुहोस्**

**तपाईको निम्ति येशू गरिब हुनुभयो भन्नाले के अर्थ राख्दछ ? तपाई अब धनी हुनुभयो भन्नाले के अर्थ राख्दछ ?**

**<u>पाँचौ दिन : मेरो सम्पत्तिको प्रभु</u>**

**लुका- १६ : १- १५**

वचन ८ अनुसार, मालिकले बेइमान ब्यबस्थापकको प्रशंसा गरे किनकि त्यसले चलाखीपूर्वक काम गरे । यस संसारका मानिसहरु आफ्नो उपभोगका सामानको निम्ति परमेश्वरका राज्यका भन्दा बढी चलाख हुन्छन् ।

वचन ९, म तिमीहरुलाई भन्दछु, आफ्नो निम्ति संसारको धनले मित्रहरु बनाओ, र अब त्यो धन शेष हुन्छ तब तिनीहरुले तिमीहरुलाई अनन्त बासस्थानमा स्वागत गरुन् ।

माथीको सन्दर्भमा येशूले चतुर सेवक वा ब्यबस्थापक को उदाहरण दिएर दृष्टान्त प्रयोग गर्नुभयो कि कसरी पैसाको गलत ब्यबस्थापनले ब्यबस्थापकको जागिर गुमाउनु परेको, सबैकुरा आफूबाट नगुमाउन असाधारण निर्णय गरेको । ब्यबस्थापकको अनैतिक कार्यहरुको बाबजुत पनि येशूले प्रशंसा गर्न केही कुराहरु भेट्टाउनुभयो ।

यस दृष्टान्तमा परमेश्वर प्रभु हुनुहुन्छ जो सबै चिजको मालिक हुनुहुन्छ अनि हामी चतुर सेवकहरु हौं ।

**तपाई वचन ९ बाट के अर्थ निकाल्नुहुन्छ ?**

**वचन १० देखि १२, कुन कुरामा तपाईलाई बढी विश्वास गरिएको छ ? तपाईलाई आज परमेश्वरले सुम्पिनुभएको कुरालाई सम्हाल्न यस वचनले कसरी चुनौती दिन्छ ?**

**वचन १३, संसार कसरी हाम्रो मालिक हुनसक्छ भनेर येशूले सायद मुर्तिहरु वा बिभिन्न लालचहरुको उदारण दिन सक्नुहुन्थ्यो । तर उहाँले धनसम्पत्तिको उदाहरणलाई किन प्रयोग गर्नुभयो ?**

**यदि हामी धनसम्पत्तिलाई प्रेम गर्ने कुरामा दोषी ठहरिन्छौं भने कसरी यसले परमेश्वरसँगको हाम्रो सम्बन्धलाई असर गर्दछ ?**

वचन. १४ देखि १५, फरिसीहरु तिनीहरुको समयमा ब्यबस्था पालना गर्दथे । आजका चेलाहरु जसरी तिनीहरुले आफैलाई धार्मिक यहुदी मानिनेहरुलाई वचनअनुसार जिउन अपेक्षा गर्थे । फरिसीहरु त्यस समयका परमेश्वरमा समर्पित र जोसिला मानिसहरु भएता पनि येशूले औंल्याउनुभयो कि तिनीहरुले धनसम्पत्तिलाई प्रेम गर्दथे ।

हामी येशूका समर्पित र जोसिला चेलाहरु भएतापनि फरिसीहरु जस्तै धनसम्पत्तिको जालमा पर्न सक्छन् ।

**आजको वचनहरुबाट के के मुख्य सिद्धान्तहरु तपाईको जीवनमा लागु गर्न सकिन्छ ?**

**<u>छैटौं दिन : प्रभुत्वका लागि चुनौतीहरु</u>**

पैसाको मोहले भ्रष्ट पार्दछ । **१ तिमोथी ६ : १०** ले भन्दछ कि पैसाको मोहले गर्दा केही मानिसहरुले आफ्नो विश्वासलाई त्यागेका छन् । स्थिरता, बिलासिता र उन्नतिको चाहनाले जब हाम्रो हृदय र मनलाई कब्जा गर्दछ, विस्तारै हामी विश्वासबाट बहकिएर जान्छौं ।

धेरै चाहना गर्नाले कसरी तपाईको हृदयलाई खिच्दछ ? आफ्नो हृदयलाई लोभ गर्नबाट बचाउनुहोस् ।

**लूका- १२ : १३- २१ धनी मुर्ख मानिस**

**कसरी लोभले तपाईलाई प्रलोभनमा पार्दछ ? संसारमा धनसम्पत्ति थुपारेकोमा कसरी तपाई दोषी हुनुहुन्छ ? स्वर्गको धनको लागि तपाई कसरी लगानी गर्न सक्नुहुन्छ ?**

कुनै कुराप्रतिको मोहले परमेश्वरको सामु दोषी ठहराईन्छ । **लुका - १६ : १९- ३१ लाजरस र धनी मानिस**

तपाई अहिले बिलासितामा कसरी रमाइरहनुभएको छ ? तपाई आफ्नो वरपर भएको गरीबहरुप्रति कत्तिको सचेत हुनुहुन्छ ?

हरेक परिस्थितिमा सन्तुष्ट रहन सिक्नु, **फिलिप्पी- ४ : १०- १३**

**तपाई कसरी आफ्नो परिस्थितिहरुमा सन्तुष्ट रहन सक्नुहुन्छ ?**

## सातौँ दिन : प्रभुत्वमाथी मनन

**१ तिमोथी- ६ : १७- १९**

जब हामी यो अनुच्छेद अध्ययन गर्छौं, सामन्यतया यो वचन हामीलाई लागु हुँदैन भनी सोच्दछौँ । तर यो चाहीँ संसारको धनी मानिसको लागि मात्र लागु हुन गर्दछ । किनकि हामीलाई लाग्दछ कि हामी उनीहरुभन्दा गरीब छौँ ।

तपाई यो वेबसाईट **www.globalrichlist.com** आफ्नो आयश्रोत राखेर तपाई कत्तिको धनी वा गरीब हुनुहुन्छ भनेर जाँच्न सक्नुहुन्छ ।

यदि तपाई मासिक रुपमा रु. १०,००० कमाउनुहुन्छ भने तपाई संसारको धनी मानिसहरुमध्ये १९.७९ प्रतिशतमा पर्नुहुन्छ । अर्को शब्दमा भन्नुपर्दा यो संसारमा १०० जनामध्ये अरु ८० जना तपाईभन्दा गरीब छन् ।

यदि तपाईको मासिक आम्दानी रु ३०,००० छ भने तपाई संसारका धनी मानिसहरुमध्ये आय आर्जनको हिसाबमा ३.४० प्रतिशत भित्र पर्नुहुन्छ ।

यदि तपाईको आम्दानी रु. ५००० छ भने तपाई संसारको धनी मानिसहरुमध्ये आम्दानी अनुसार ०.८६ प्रतिशतमा पर्नुहुन्छ ।

यदि तपाई रु. १ लाख मासिक रुपमा आम्दानी गर्नुहुन्छ भने तपाई संसारका धनी मानिसहरु मध्ये पहिलो ०.१३ प्रतिशतमा पर्नुहुन्छ ।

**बाँकी संसारका मानिसहरुसँग तुलना गर्दा तपाई धनी कि गरीब हुनुहुन्छ ?**

**आर्थिक बिश्वसनियता**

**परमेश्वरले तपाईलाई धनी वा गरीब के ठान्नुहुन्छ ? अब तपाईलाई थाह भयो कि संसारको तुलनामा तपाई कुन स्थानमा छ भनेर ।**

**तपाई धनी वा गरीब के हुनुहुन्छ ?**

अब फेरी एकचोटी वचन पढ्नुहोस् र हेर्नुहोस् परमेश्वरले तपाईलाई के भन्दै हुनुहुन्छ ।

**परमेश्वरको प्रभुत्व र सार्बभौमिकताको बारेमा यो हप्ता मैले के सिकेँ ?**

**मैले आफ्नो बारेमा के महसुस गरेँ ?**

**के म धनी छु भन्ने सत्यतालाई स्वीकार गर्छु ? के म धनको लालचमा फस्ने प्रलोभनलाई स्वीकार गर्छु ?**

**के म विश्वास गर्छु कि धनसम्पत्ति परमेश्वरबाट आउँछ ?**

**के म विश्वास गर्छु कि म त एक परमेश्वरले दिनुभएको धनको सेवक वा ब्यबस्थापक मात्र हुँ ?**

**के परमेश्वरले दिनुभएको कुराहरुलाई राम्ररी ब्यबस्थापन नगर्नु पाप हो भन्ने कुरालाई म स्वीकार गर्छु ?**

**मेरो प्रार्थना कस्तो हुन्छ ?**

## आठौँ दिन : विश्वासिलो सेवक

**१ कोरिन्थी- ४ : १,२,७ पढ्नुहोस् ।**

बाइबलिय सेवकको परिभाषा : परमेश्वरको सबै स्रोतसाधनहरुलाई परमेश्वरकै अनुसार र उहाँकै महिमाको लागि राम्ररी ब्यवस्थापन गर्नु ।

**तपाईको लागि नोकर र सेवक भन्ने शब्दले के मतलब राख्दछ ?**

सुम्पिनु भनेको कसैको जिम्मा वा सुरक्षामा छोड्नु हो । परमेश्वरले हामीलाई धेरै कुराहरु सुम्पिनु भएको छ ।

**परमेश्वरले तपाईलाई सुम्पिनुभएको कुराहरुलाई बुँदागत रुपमा लेख्नुहोस् । १. परिवार २. सम्बन्धहरु ३. धनसम्पत्तिहरु ४. खुबीहरु ५. अवसरहरु ६. पेशा ७. अरु कुराहरु**

**परमेश्वरले दिनुभएको हरेक कुराहरुलाई राम्ररी ब्यबस्थापन गर्न कसरी एक विश्वासिलो सेवक बन्ने त्यसको निम्ति प्रार्थना गर्नुहोस् ।**

**<u>नवौं दिन : सुनका सिक्काको दृष्टान्त</u>**

**मत्ती- २५ : १४- २९**

यी दुई विश्वासी नोकरहरु र एक अल्छे नोकरको चरित्र वर्णन गर्नुहोस् । यो दृष्टान्त हामीमा पनि लागु हुन्छ : परमेश्वर-मालिक, हामी-सेवक वा नोकर । विगत १० बर्षमा हामीले १० लाखदेखि १० करोडसम्मको लेनदेन गर्नुभएको होला । यति ठूलो रकम तपाईको खाता मार्फत लेनदेन हुँदा तपाईलाई कस्तो लाग्ला ?

ध्यान दिनुहोस्, परमेश्वरले हरेक नोकरलाई अलग अलग स्रोत वा सिक्काहरु दिनुभएको थियो । तपाईमा भएको ठूलो वा सानो पदको स्वभावले कसरी परमेश्वरले अरुलाई र तपाईलाई दिनुभएको कुराहरुमा तुलना गर्न लालच दिन्छ ?

त्यो दुष्ट र अल्छे नोकरले आफ्नो कामलाई कसरी न्यायसँगत बनाउन खोजेको छ ? परमेश्वरले तपाइको बारेमा कसरी ब्याख्या गर्नुहुन्छ ? असल र विश्वासी नोकरलाई परमेश्वरले कसरी इनाम दिनुभयो ?

**गर्नुपर्ने काम : मत्ती - २५ : २१ कण्ठ गर्नुहोस् ।**

**<u>दशौं दिन : एक सेवकमा हुने व्यक्तित्व : मितव्ययी वा उदार- तपाई कस्तो हुनुहुन्छ ?</u>**

**मितव्ययी : अनावश्यक खर्च नगर्ने, विवेकपूर्ण बचत गर्ने**

**हितोपदेश- १४ : २३** सबै कठोर परिश्रमले लाभ हुन्छ तर कुरै मात्र गर्ने चाहीँ दरिद्रमा पुग्छ ।

**हितोपदेश- २१ : १७, २०** सुख विलासको प्रेम गर्ने दरिद्र हुनेछ, दाखमद्य र तेललाई प्रेम गर्ने कहिल्यै धनी हुनेछैन । बुद्धिमान मानिसको घरमा उत्तम भोजन र तेल मौजूद हुन्छ तर मुर्ख मानिसले आफूसँग भएको सबै उडाउँछ ।

**हितोपदेश- ३१ : १३, १७** तिनले आफ्ना हातहरुले उत्सुकतासाथ काम गर्छिन्, आफ्नो काम फूर्तिसँग गर्छिन् .....

मितव्ययी हुनको निम्ति माथीको वचनहरुबाट के सिक्नुहुन्छ ?

**उदार : दिन र बाँड्न खुला वा उदार भएको मानिस, निस्वार्थी**

**भजनसँग्रह- ११२ : ५** उदार चित्तले दिने र इमान्दारीसाथ आफ्नो कारोबार चलाउने मान्छेको भलो हुन्छ ।

**हितोपदेश- ११ : २५** उदार मानिसको फलिफाप हुन्छ, अरुलाई उत्साह दिने व्यक्तिले आफू पनि नयाँ उत्साह प्राप्त गर्छ ।

**हितोपदेश- ३१ : २०** तिनले गरीबहरुलाई आफ्नो मुट्ठी खोल्छिन् र आफ्नो हात दीनहरुका लागि बढाउँछिन् ।

उदार हुनको लागि माथीको वचनहरुबाट के सिक्नुहुन्छ ?

**तपाईलाई ठीक लाग्ने उत्तरमा गोलाकार बनाउनुहोस् ।**

**१. मेरो पैसालाई ब्यबस्थापन गर्न म :**

क. कमाई र खर्चको हिसाबकिताब गरेर त्यसैमा अडिग रहन्छु

ख. पैसाको मामलामा म सचेत हुन्छु

ग. पैसा खर्च गर्न केन्द्रित हुन्छु

घ. आजको लागि खर्च गर्छु र भोलिको निम्ति फिक्री गर्दिन

**२. बाहिर खाना खान जाँदा म :**

क. मितव्ययी बन्न खोज्छु

ख. मूल्य हेरेर मात्र होटलमा प्रबेश गर्छु

ग. मलाई मनपर्ने हेर्छु र मूल्यको बारेमा नसोचि खाना मगाउँछु

घ. रमाएर खान्छु र बाँकी रहेको घर लैजान्छु

**३. मेरो किनमेलको बारेमा भन्नुपर्दा :**

क. किनमेल गर्नपर्ने सामानहरुको सूचि बनाई त्यति मात्र किन्छु    ख. आवश्यक पर्दामात्र किनमेल गर्छु

ग. सूचि नबनाई किनमेल गर्न मनपर्छ    घ. मलाई मनपर्ने देखें भने खरिद गर्छु

**४. पैसालाई ब्यबस्थापन गर्ने सम्बन्धमा मलाई मनपर्ने पक्ष के हो भने :**

क. बचत गरेर लगानी गर्ने    ख. आवश्यक परेको बेलामा प्रयोगको निम्ति

ग. परिवारलाई दिन    घ. परमेश्वरलाई भेटी र अरुलाई दिन

**तपाईले गोलाकार गर्नुभएको कुरालाई नियाल्दा के तपाई मितव्ययी वा उदार हुनुहुन्छ ?**

- क र ख ले मितव्ययीलाई, ग र घ ले उदारलाई जनाउँछ ।

एक सेवकको रुपमा तपाइको राम्रा पक्षहरु के के हुन् ?

एक सेवकको रुपमा तपाइको कमजोर पक्षहरु के के हुन् ?

तपाइको कमजोरीमा सैतानले कसरी हमला गर्न सक्छ ?

तपाईको राम्रा पक्षहरुलाई कसरी परमेश्वरले प्रयोग गर्न सक्नुहुन्छ ?

**हितोपदेश- २३ : ४- ५**

धनी बन्न आफूलाई बेस्सरी नघोट्, बुद्धिमानी बनी संयम गर् । धनको एक झलक पाईन्छ र त्यो गइहाल्छ, किनभने त्यसका पखेटाहरु पलाउँछन् र आकाशतिर गरुडझैं त्यो उडेर जान्छ ।

**<u>एघारौं दिन : सेवकले गर्ने कार्यको उदाहरणहरु : पुरानो करार</u>**

एक सेवकझैं जसले जस्तो वरदान पाएको छ, ति एकअर्काको निम्ति प्रयोग गर ( **१ पत्रुस- ४ : १०** ) । जब हामी मितव्ययी सेवकहरु उदार भएर दिने वचनहरु सुन्छौं तब हामीलाई चुनौती महसुस लाग्न सक्छ साथै जब वचनले राम्रो ब्यबस्थापक हुनलाई बताउँछ तब हामीलाई जायज लाग्न सक्छ । त्यस्तै उदार सेवकहरु जब राम्रो ब्यबस्थापक हुन् भन्ने वचनहरु सुन्छौं तब हामीलाई चुनौती महसुस हुनसक्छ सार्थ जब बचनले उदारतालाई प्रशंसा गर्छ तब हामीलाई ठीक लाग्न सक्छ । यदि हामीले हाम्रो कार्यलाई बुझ्न सक्यौं भने हामीले राम्रो ब्यबस्थापक र उदार बन्ने बोलावटलाई सन्तुलन गर्न सक्छौं ।

एक राम्रो सेवक बन्नको लागि तल दिइएका वचनहरु हेर्नुहोस्

**१. घर : उत्पत्ति- १२ : १- ९** परमेश्वरले अब्राहामलाई आफ्नो घरबाट निस्केर जान बोलाउनुभयो । अब्राहामको जीवन कहानीले तपाईलाई कसरी एउटा मितव्ययी वा उदार सेवकको रुपमा जहाँ रहेपनि परमेश्वरमा सुम्पिनको लागि मदत गर्छ ?

**२. परिवार : उत्पत्ति- २२ : १- १८** आफ्नो छोराको बली दिनको लागि अब्राहामलाई बोलावट । यो कहानीले तपाईलाई कसरी एउटा मितव्ययी वा उदार सेवकको रुपमा आफ्नो परिवारलाई लिएर परमेश्वरमा सुम्पिनको लागि चुनौती दिन्छ ?

**३. पेशा : दानिएल- ६ : १- २८** दानिएलले आफ्नो पेशाको बलिदान दिए । यो कहानीले तपाईलाई कसरी एउटा मितव्ययी वा उदार सेवकको रुपमा आफ्नो पेशालाई परमेश्वरमा सुम्पिनको लागि चुनौती दिन्छ ?

**४. पद : १ राजा ११** सोलोमनले आफ्नो पद र अधिकारको दुरुपयोग गरे, धेरै विवाह गरे र आफ्नो अधिकारको गलत फाइदा उठाए । सोलोमनको खराब उदाहरणबाट सेवकको कार्यको बारेमा कस्तो शिक्षा प्राप्त गर्न सक्नुहुन्छ ?

**मनन गर्नुहोस् : माथि दिइएका अनुच्छेदहरुले तपाइलाई कसरी परमेश्वरले दिनुभएको कुरालाई प्रयोग गर्न राम्रो ब्यबस्थापकको भूमिका बारे बुझाउँछ ?**

**बाह्रौं दिन : सेवकले गर्ने कार्यको उदाहरणहरु : नयाँ करार**

जब हामी नयाँ करार अध्ययन गर्दै जान्छौं तब माथिल्लो तहको आत्मसमर्पणको निम्ति येशूले बोलाउनुभएको प्रशस्तता पाउँछौं । येशू मालिक हुनुहुन्छ । अब हाम्रो जीवन हाम्रो होईन । तल दिइएका उदाहरणहरु हेर्नुहोस् र कसरी यी उदाहरणहरुले तपाईलाई मितव्ययी वा उदार सेवक बन्दै सेवकको कार्य गर्न मदत गर्छ भन्ने कुरा लेख्नुहोस् ।

**१. पेशा : मत्ती- ४ : १८- २२** सबै प्रेरितहरुले आफ्नो पेशा त्यागेः मछुवारा, कर उठाउने, पावल फरिसी पनि । हामीले हाम्रो पेशा त्याग नगरौंला तर परमेश्वरमा हाम्रो पेशालाई अर्पण गरौंला ।

**२. सम्बन्धहरु : यूहन्ना- १५ : १८- २५** हामीले साथीहरु गुमाउनेछौं भन्ने चेतावनी येशूले दिनुभयो र भन्नुभयो, सबैले हामीलाई घृणा गर्नेछन् । यदि कसैले हाम्रो बारेमा राम्रो भनेतापनि हामी उनीहरुलाई पछ्याउनेछैनौं । हाम्रा सबै सम्बन्धहरु परमेश्वरसँग सम्बन्धित छ ।

**३. सम्पत्ति : प्रेरित- ४ : ३२- ३७** विश्वासीहरुले खुशीसाथ आफ्ना सम्पत्ति आफ्नो आत्मिक परिवारको आवश्यकता पूरा गर्न त्याग गरे र अब उनीहरुसँग सयौं दाजुभाई, दिदीबहिनी, आमाबुबा र घर पनि थियो ।

**४. भविष्य : याकुब- ४ : १३- १७** आफ्नो भविष्यको निम्ति योजना बनाई रहेका विश्वासीहरुलाई याकुबले ति योजनामा परमेश्वरको इच्छा छ कि छैन भनी सोध्न र त्यसपश्चात् मात्र भविष्य प्रति प्रतिबद्ध हुन चेतावनी दिए ।

**५. सम्पूर्ण कुराहरु : लूका- १४ : ३३** यसकारण तिमीहरुमध्ये जसले आफुसित भएको सबैथोक त्याग्दैन, त्यो मेरो चेला हुन सक्दैन ।

**- परिणाम : मत्ती- १९ : २९** हरेक जसले मेरो नाउँको खातिर घर, दाजुभाई वा दिदीबहिनी अथवा बुवा वा आमा वा छोराछोरी वा जग्गाजमिन छोडेको छ, त्यसले सय गुणा पाउनेछ र अनन्त जीवनको अधिकार पाउनेछ ।

**मनन गर्नुहोस् : माथी दिइएका अनुच्छेदहरुले तपाईलाई कसरी परमेश्वरले दिनुभएको कुरालाई प्रयोग गर्ने राम्रो ब्यबस्थापकको भूमिका बारे बुझाउँछ ?**

**तेह्रौं दिन : सेबक हुनुका चुनौतीहरु**

सैतानलाई परमेश्वरको योजना थाह छ र हामीलाई प्रलोभनमा पार्छ ताकि हामी संसारको ढाँचामा चलौं र मनमा नयाँ नभई परिवर्तित नहोऔं ( **रोमी १२ : २**) । सैतानका योजनाहरु बारे हामी जागरुक हुनका लागि सदैव प्रार्थना गर्नुपर्छ । तलका वचनहरुले हामीलाई मितव्ययी र सेवक हुँदा आउने चुनौतीहरुबारे अवगत गराउँछ ।

**१. चिन्ता :**

**मत्ती- ६ : २५**

जब हामी ब्याकुल हुन्छौं तब हामी परमेश्वरमा भरोसा गर्नुभन्दा चिन्ताग्रस्त हुने प्रलोभनमा पर्छौं । त्यस समयमा हामी प्रश्नहरु गर्छौं : **के परमेश्वरले साँच्चै ख्याल गर्नुहुन्छ ? के उहाँले साँच्चै हाम्रो आवश्यकताहरु पूरा गर्नुहुन्छ ? के उहाँले हामीलाई भविष्यमा ख्याल गर्नुहोला ?** भरोसा गर्न दृष्टिकोण, आत्मसमर्पण र निर्णय चाहिन्छ ।

ईश्वरीय दृष्टिकोण, चेलामा हुनुपर्ने आत्मसमर्पण, र भरोसा गर्ने निर्णयका लागि प्रार्थना गर्नुहोस् ।

**२. प्राथमिकता :**

**मत्ती- ६ : ३३**

एक मितव्ययी व्यक्ति आफ्नो जिम्मेवारीलाई आवश्यक भन्दा बढी प्राथमिकता दिन र एक उदार व्यक्ति आफ्नो उदारतालाई आवश्यकता भन्दा बढी प्राथमिकता दिन प्रलोभनमा पर्न सक्छ । पहिले परमेश्वरको राज्यको खोजी गर्दा सेवकको कार्यमा जिम्मेवारी र उदारताको सन्तुलन हुन्छ र परमेश्वरको स्रोतहरु उहाँको योजना अनुसार चलाउँदा उहाँको महिमा हुन्छ ।

परमेश्वरको योजनालाई प्राथमिकता दिने र पक्षपात नगर्ने हृदयको निम्ति प्रार्थना गर्नुहोस् ।

**३. लगनशीलता :**

**हितोपदेश- १३ : ४, १० : ४**

केही मानिसहरु अरुभन्दा जन्मजातै परिश्रम गर्ने र लगनशील हुन्छन् तर सत्य यो पनि हो : हामी केही कामहरु परिश्रमसाथ गर्छौं भने अरु गर्दैनौं । फराकिलो बाटोलाई नरोजी साँघुरो ढोकाबाट पस्न प्रयत्न गर्न येशूले हामीलाई चुनौती दिँदै हुनुहुन्छ । हामीले यो बुझेका छौं : शिष्यत्वमा मुक्तिको काम पूरा गर्ने परिश्रम (**फिलिप्पी २ : १२** ) को प्रतिबद्धता र हाम्रो कामले विश्वास प्रदर्शन गर्दछ (**याकुब २ : १४** ) ।

आफ्नो स्रोतसाधनको ब्यबस्थापन कार्य गर्ने इच्छाको निम्ति र तपाईलाई परिवर्तन गर्न रोक्ने आलस्यलाई परास्त गर्नका लागि प्रार्थना गर्नुहोस् ।

आफ्नो आलस्य वा अल्छिपनाको बारेमा कुनै अरु चेलाको सामु स्वीकार गर्नुहोस् र परमेश्वरको स्रोतसाधनको सच्चा सेवक बन्नुहोस् ।

**४. निर्णय : यहोशू २४ : १५**

निर्णयबिना चरित्रमा कुनै परिवर्तन आउँदैन । सेवकको कार्य गर्दा आइपर्ने चुनौतीहरुलाई परास्त गर्न तपाईले बनाउनुभएको केही निर्णयहरु लेख्नुहोस् ।

१. निर्णय नं १................ २. निर्णय नं. २........................... ३. निर्णय नं. ३..........................

<u>**चौधौं दिन : परमेश्वरको आनन्द**</u>

एरिक लिडेलले आफ्नो पुस्तक *Chariots of Fire* मा लेखेका छन् : जब म दौडन्छु, तब परमेश्वरको आनन्दलाई महसुस गर्छु ।

जब हामीले परमेश्वरले दिनुभएको स्रोतसाधनलाई सही रुपमा ब्यबस्थापन गर्छौं तब हामी दानी बन्न सक्छौं र परमेश्वरको आनन्दलाई महसुस गर्न सक्छौं । तल दिइएका वचनहरुलाई हेर्नुहोस् र हाम्रो उदारतामा परमेश्वरको आनन्दबारे केही लेख्नुहोस् ।

**१. परमेश्वरको आनन्द (यूहन्ना ३ : १६ )**

उहाँले आफ्नो पुत्र त्याग्नुभयो : स्वेच्छाले, खुशीसाथ, आशापूर्वक

**२. येशूको आनन्द (हिब्रु १२ : २ )**

आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी क्रुसको कष्ट भोग्नुभयो ।

**लूका- ९ : ५७- ५८** येशूले चुनौतीपूर्ण जीवनलाई चुन्नुभयो, स्वर्ग त्यागेर पृथ्वीमा आउनुभयो ।

**३. हाम्रो आनन्द (प्रेरित २० : ३५)**

लिनुभन्दा दिनु अझ धन्य हो । धन्य भनेको अत्याधिक खुशी

**२ कोरिन्थी ९ : ७** दिनु हाम्रो आनन्द हो ।

दिने कार्यमा परमेश्वरको आनन्दबारे सोच्दा तपाईको मनमा कस्तो चित्र आउँदछ ? एउटा आर्थिक बजेट बनाउनुहोस् ।

तपाईले बजेट बनाउनुभयो भने पैसा कहाँ गयो भनेर बरालिनुभन्दा कता खर्च गर्ने भन्ने बारे बताउँछ ।

यदि तपाईले १० बर्षसम्म मासिक रु. २०,००० आर्जन गर्नुहुन्छ भने तपाईको खाता मार्फत २० लाखभन्दा बढीको लेनदेन हुन्छ ।

एउटा बजेट बनाउनुहोस् र तपाईको कमाईको हरेक रुपैया कहाँ खर्च गर्ने हो तोक्नुहोस् । हरेक महिना बजेटलाई सन्तुलन राख्ने लक्ष्य राख्नुहोस् । मदतको आवश्यकता परे अगुवासँग कुरा गर्नुहोस् र मासिक बजेट निर्धारण गर्नुहोस् ।

**खर्च पर्नेहरु : दशांश भेटी, घरभाडा, बिद्यालय शुल्क, पानी, बिजुली, ग्यास, गाडीभाडा, खाद्यन्न, कपडा, व्यक्तिगत खर्च, मेडिकल, उपहार, बचत इत्यादि ।**

शुरु शुरुमा बजेट बनाउन कोही पनि जान्ने हुँदैनन् । निराश नबन्नुहोस् । बजेट बनाउन जान्न थोरैमा ३ महिनासम्म लाग्न सक्छ । मदत लिनुहोस् र आर्थिक व्यबस्थापनको मदतको लागि मित्र बनाउनुहोस् ।

## <u>पन्ध्रौं दिन : परमेश्वरको प्रबन्ध</u>

**१. उत्पत्ति २२ : १४ पढ्नुहोस्**

अब्राहामलाई परमेश्वरले आफ्नो पुत्रको बलि दिन बोलाउनुभयो तर पनि परमेश्वरको आवश्यकता परमेश्वरले पूरा गर्नुभयो ।

कस्तो अबस्थामा परमेश्वरले तपाईको आबश्यकता पूरा गर्नुहुन्न भन्ने अविश्वासमा पर्नुहुन्छ ?

**२. मत्ती ६ : २६ पढ्नुहोस्**

येशूले दिनुभएको चुनौती : जसरी परमेश्वरले आकाशका चराहरुलाई खुवाउनुभएको छ, त्यसरी नै हामीलाई पनि खुवाउनुहुन्छ भन्ने विश्वास गर्नुहोस् ।

परमेश्वरले तपाईको आबश्यकता कसरी पूरा गर्नुभएको छ ?

**३. फिलिप्पी ४ : १९ पढ्नुहोस्**

परमेश्वरले हाम्रो हरेक खाँचो पुरा गरिदनुहुनेछ भनेर पावलले चेलाहरुलाई प्रोत्साहन गरे ।

तपाईका आबश्यकता पूरा हुनका निम्ति कुन क्षेत्रमा प्रार्थना गर्न जरुरी छ ?

**४. १ तिमोथी ६ : १७ देखि १९ पढ्नुहोस् ।**

पावलले विश्वास गरेका छन् कि हामी जो धनी छौं परमेश्वरको प्रबन्धमा भरोसा राख्दैनौं । के परमेश्वरले हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्ने आशिष दिनुहुन्छ होला ? यो आज्ञा तपाईको जीवनमा कसरी लागु हुन्छ ?

**परमेश्वरले प्रबन्ध गर्नुहुन्छ भन्ने सोचको लागि प्रार्थना गर्नुहोस् ।**

**<u>सोह्रौं दिन : सँसारको सन्देश, भाग १</u>**

परिचय : सैतानको योजना

**प्रस्थान २२ : २५, यूहन्ना ८ : ४४, र प्रस्थान १२ : ९ पढ्नुहोस्**

हामीले यो बुझेका छौँ होला, बिज्ञापनले उपभोक्तालाई बढुवा दिन्छ। आजको वचन व्यापक र प्रारम्भिक छन् र यसले हामीलाई संसारले कसरी झुट बेचिरहेको छ भन्ने स्पष्ट पार्छ।

**१. तपाईलाई लक्षित गरिँदै छ।**

ऋण इतिहासमा सबैभन्दा सफलतापूर्वक बजारमा प्रचार गरिएको उत्पादन हो।

**सन् १९१० मा** *Sears Catalogue* ले भनेको थियो : ऋण गरेर खरिद गर्नु मुर्खता हो। त्यसपछि फोर्ड कम्पनिले ऋणको प्रयोग गर्न छोड्यो।

**सन् १९५० मा** *Diner's Club* ले रेष्टुरेन्टहरुमा तिर्न सजिलो बाटो बनायो।

**सन् १९५८ मा** बैंक अफ अमेरिकाले ६०,००० मानिसहरुलाई बैकको भिसाकार्ड पठायो।

**सन् २०१० मा** ऋण दिने कार्ड कम्पनीले सालमा १५० बिलियन डलर बराबरको कारोबार गरेको थियो।

हाम्रा हजुर बुबा आमाहरुले ऋणलाई पापसरह ठान्नुहुन्थ्यो । ( येशूले हाम्रा ऋण क्षमा गरिदिनुहोस् भनी प्रार्थना गर्नुभयो )

के केही बद्लेको छ ? के उहाँहरु गलत हुनुहुन्थ्यो ? के तपाई ऋणमा जीवन बिताउनु ठीक हो भन्ने विश्वास गर्न थाल्नुभएको छ ?

**२. सैतान, सबै झूटहरुका पिता**

यस्ता सामूहिक मार्केटिङ अभियानको कारण हामी कयौं झुटहरु विश्वास गर्न पुग्छौं।

**झूट :** ऋणले हाम्रो धनसम्पत्ति ब्यबस्थापनमा मदत पुग्दछ।

**सत्य :** ऋणले तपाईलाई सम्पत्ति समीकरणको गलत पक्षमा राख्दछ। लगानी बढेसँगै ऋण पनि बढ्दछ र ब्याज पनि बढ्दछ।

**झूट :** हरेक महिना भुक्तानी गर्दा मैले के खरिद गर्न सक्छु भन्ने निर्धारण हुन्छ।

**सत्य :** यदि कुनै बिक्रेताले तपाईसँग आर्थिक वा मासिक भुक्तानीको बारेमा कुरा गर्दै छ भने उसले तपाईलाई खरिद गर्ने बस्तुको मुल्य नबताई ऋणको प्रलोभनमा पार्छ।

**झूट :** क्रेडिट कार्ड जसले तपाईलाई पैसा फिर्ता वा उपहार दिन्छ, त्यसैले पैसा बचत हुन्छ।

**सत्य :** तपाईले गर्ने खर्च नगदमा भन्दा क्रेडिट कार्डमा २० प्रतिशत बढी हुन्छ। त्यसैले पैसा फिर्तामा २० प्रतिशत प्राप्त भएन भने कुनै बचत हुँदैन।

**आज कस्ता झूटहरुलाई तपाई सुन्दै हुनुहुन्छ ?**

**<u>सत्रौं दिन : सँसारको सन्देश, भाग २</u>**

**हितोपदेश १८ : ११**

सम्झनुहोस् : तपाई धनी हुनुहुन्छ ।

**चेतावनी :** सँसारले तपाईलाई छलेको छ ।

**खतरा :** तपाई सम्पत्तिबाट सुरक्षित हुन चाहनुहुन्छ ।

**संकट :** तपाई झूटा देवताहरुको पछि लागेर निसासिनुभएको छ । तपाई पैसा र परमेश्वर दुवैलाई प्रेम गर्न सक्नुहुन्न ।

**१. छिमेकीको देखासिकी वा नक्कल गर्नु**

हामी सबैले यो भनाई सुनेका छौं । तपाईको खर्च गर्ने बानीको परिणामलाई हेर्नुहोस् र निर्णय गर्नुहोस्, के तपाईलाई साँच्चै राम्रो घर, कारको बिलासिता, ठूला टि.भी अथवा फेसनका कपडाहरुको आबश्यक छ ? यस्ता बिलासिताले तपाईको उपस्थितिलाई प्रबर्द्धन गर्छ र जीवन स्तर बढाउँछ । आफ्नो क्षमताभन्दा बाहिरको जीवन बिताउन मोहित पार्छ । के यस्तो योजनाले तपाईको दान वा भेटी दिने स्तर घटाएको छ ?

**२. पछिल्लो समयमा चलनमा रहेका बिद्युतीय यन्त्रहरु**

हामी सबैलाई राम्रा, चम्किला र नयाँ यन्त्रहरु मन पर्छ । के तपाई कहिल्यै आफूले किन्न सक्ने भन्दा बढीको ठूला यन्त्रहरु खरिद गर्ने प्रलोभनमा पर्नुभएको छ ? सँसारको बिज्ञापनहरुले प्रलोभनमा पार्छन् ।

**३. अझ राम्रो बस्तुहरु**

सायद बिलासिता नै हाम्रो कमजोरी हुन सक्छ । हामीलाई बाहिर राम्रा रेष्टुरेन्टमा गएर खान मन पर्छ, राम्रा ठाउँहरु घुम्न जान मनपर्छ, मसाज गराएर आनन्द लिन मनपर्छ । यी सबै पाप होईनन् । तर के तपाईले ख्याल गर्नुभएको छ, यसमा हुन आउने खर्च तपाईले बेहोर्न सक्नुहुन्छ ? वा यी निर्णयहरु तपाइले आवेगमा लिनुभयो ? सायद तपाई सँसारको सन्देश खरिद गर्दै हुनुहुन्छ ।

तपाईलाई बिश्रामको जरुरी छ । **किन बिज्ञापन कम्पनीहरुले हामी आफैलाई नष्ट पार्न पुलपुल्याउँछन् ?**

सोच्नुहोस्, कसरी सैतान र सँसारले सन्देश बेच्दै छन् र तपाईलाई यस्ता कुराहरुको आवश्यकता छ भनी बताउँछन्, जबकि यी कुराहरु आबश्यक नभई चाहना र इच्छा हुन्छन् । यस्ता कुराहरुको निम्ति प्रार्थना गर्नुहोस् । **के यी कुराले तपाईलाई खुशी बनाएका छन् ?**

**<u>अठारौं दिन : ऋण लिनु र दिनु</u>**

**हितोपदेश २२ : ७**

यदि तपाईसँग ऋण छ भने तपाई त्यसको नोकर हुनुहुन्छ । ऋण लिने चाहीँ ऋण लिनेको दास हुन्छ ।

यो वचनमा तपाईलाई पत्यार लागेन ? तपाईले लिएको कर्जा नतिर्नुहोस् र ऋण नतिर्दाको नतिजा देख्नुहुनेछ ।

तपाई क कसको दास हुनुहुन्छ ? ऋण लिनुभएको व्यक्ति वा कम्पनीको नाम लेख्नुहोस् ।

**हितोपदेश २२ : २६ र २७**

**केही सल्लाहहरु :**

**क. ऋण नलिनुहोस् :** तपाई ऋणदाताको दास बन्नुहुनेछ । यसले तपाईको सम्बन्धमा तनाव दिन्छ । ब्यक्तिगत वा निजी ऋणदाताहरु जसले मासिक ब्याज लिन्छन्, उनीहरुसँग ऋण नलिनुहोस् (उनीहरुले तपाईलाई मासिक रु.२ मात्र भनेर लोभ्याउँछन् तर यसको मतलब **१२*२ बराबर २४ प्रतिशत** बार्षिक ब्याज हुन्छ जुन अत्यन्तै ठूलो हो । दुर्भाग्यबश धेरैले मासिक रु. ३ वा रु. ४ ले पनि ऋण लिन्छन् । यस्ता ऋणहरु तिर्न असम्भव जस्तै हुन्छन् ।

**ख. ऋण नदिनुहोस् :** आफ्नो मित्रलाई ऋण नदिनुहोस्, जसले गर्दा तपाईसँगको सम्बन्धलाई तनावपूर्ण बनाउँछ । तपाईको मित्र तपाईसँग दाससरह हुनेछ । फिर्ता पाउने आशा नगरी ऋण दिने शिक्षा येशूले दिनुहुन्छ । यदि तपाई कसैलाई ऋण दिनुहुन्छ भने उपहार स्वरुप दिनुहोस् ।

**ग. ऋण लिने कुरामा अरुको लागि सही नगर्नुहोस् :** कुनै ब्यक्ति ऋण तिर्न नसक्ने अबस्थाको हुँदा बैंकले अर्को ब्यक्तिको सही माग्ने गर्छ । यदि तपाई अरुसँग मिलेर सही गर्नै पर्ने अबस्था छ भने आफैँले ऋण लिनुहोस् ।

**घ. एउटा ऋण तिर्नलाई अर्कोतिर ऋण नलिनुहोस् :** एउटा ऋण तिर्न अर्को ऋण लिनुले कुनै अर्थ राख्दैन । ध्यान दिनुहोस् किनकि धेरै सँस्थाहरुले तपाईको पैसाबाट फाईदा लिइराखेका छन् ।

**ऋण लिने र दिने कुन कुराहरुमा तपाईले पुनर्बिचार गर्नुपर्दछ ?**

**<u>उन्नाइसौं दिन : हिसाब गर्नुहोस् : चत्रवर्ती ब्याजको नियम</u>**

**हितोपदेश १३ : ११**

चक्रवर्ती ब्याजको नियमले तपाईको बिरुद्धमा वा तपाईको लागि काम गर्छ । दुइवटा उदाहरणहरु :

**पहिलो उदाहरण :** ३० बर्ष भएका जोडी जोन र जेनले आफ्नो छोराको जन्मदिनको भोजका लागि रु. १०,००० ऋण लिन्छन् । मासिक १०० कडा ३ प्रतिशतको ब्याजमा उक्त ऋण लिँदा बर्षको अन्तमा जम्मा रु. १४,२५८ तिर्नुपर्ने हुन्छ । सो रकमलाई २ बर्षपछि तिर्दा ब्याज र साँवा गरेर रु. २०,३२८ हुन्छ, जुन ४२.५८ प्रतिशत र दुई बर्षमा तपाईले लिनुभएको ऋणको दोब्बर भन्दा पनि धेरै तिर्नुपर्ने हुन्छ । यसरी ब्याज दिने कम्पनी र ब्याजमा दिने मानिसले काम गर्छन् ।

**दोस्रो उदाहरण :** हिनाका बाबुआमाले उसको बिबाहका लागि केही गहनाहरु खरिद गर्न चाहन्छन् र दुइ बर्षमा तिर्ने गरी उनीहरुले आफ्नो छिमेकीबाट रु. ५०,००० ऋण लिन्छन् । सो छिमेकीले रु. १२६८ को ब्याज लाग्ने बताउँछ । जुन २ बर्षमा रु. ३०,४३२ ब्याजमात्र हुन आउँछ र सावाँ जस्ताको त्यस्तै रु. ५०, ००० पनि चुक्ता गर्नुपर्ने हुन्छ । यसको मतलब २ बर्षमा रु. ८०,४२२ सावाँ र ब्याज गरेर तिर्नुपर्ने हुन्छ ।

धनको जम्मा : यदि तपाईले प्रत्येक महिना रु. ५०० बैंकमा निरन्तर जम्मा गर्ने खाता खोलेर ८.५ प्रतिशत ब्याजमा राख्नुभयो भने ५ बर्षमा रु ३६,४२५ हुन्छ । यो सानो रुपैयाँ प्रत्येक महिना राख्नुहुन्छ जसले ठूलो धन तपाईको घरमा आइपुग्छ, जुन बुद्धिमानी कार्य हुन सक्छ ।

तुरुन्त मालामाल वा धनी हुने कुनै तरिका छैन ।

अर्बपतिहरु अरुले प्रयोग गरेका कारहरु प्रयोग गर्छन् भने आधुनिक र महँगा घरहरुमा बस्दैनन् ।

चिट्ठा बेच्नेहरुले तल्लो तहका मानिसहरुबाट रुपैयाँ बटुल्छन् ।

आज तपाईलाई जे जति कुराहरुको जिम्मेवार बनाउनुभएको छ, त्यसमा विश्वासिलो भएर अरु बढाउनका लागि आज्ञाकारी हुनुहोस् ।

**ध्यान दिनुहोस् : तपाई आफ्नो जीवनमा चक्रवर्ती ब्याजलाई कसरी प्रयोग गर्नुहुन्छ ?**

**<u>बिसौं दिन : मेरो ऋणको स्वामित्व</u>**

**भजनसँग्रह ३५ : २१ देखि २६ सम्म पढ्नुहोस्**

दुष्टले ऋण लिन्छ र परिणाम भोग्छ, धर्मी जनको ख्याल परमेश्वरले राख्नुहुन्छ । प्रार्थना गर्नुहोस्, सल्लाह लिनुहोस् र ऋण लिनबाट जोगिन सबै गर्नुहोस् ।

जब हामी ऋण लिन्छौं, तब हामी परमेश्वरलाई तपाईले जे जति दिनुभएको छ, त्यसले पुगेन भन्दछौं ।

भजनसँग्रले धर्मी जनलाई कसरी ब्याख्या गर्दछ ?

ऋणको बारेमा विकिपिडियाको लेख अनुसार, अधिक ऋणले धेरै सामाजिक परिणामहरु गम्भीर रुपमा निम्त्याएका छन् । जस्तै : आर्थिक कठिनाईहरु, कमजोर शारीरिक र मानसिक अवस्था, पारिवारिक तनाव, सँगठनात्मक प्रतिबद्धताको कमी, असुरक्षित भावना र सम्बन्धका तनावहरु । ऋणले तपाईको स्वास्थ्य, परिवार, पेशा, प्रर्दशन, सम्बन्धहरु, आत्मधारणा, आत्मबल लगायतमा असर गर्छ ।

ऋणले तपाईलाई कसरी असर गरेको छ, बिचार गर्नुहोस् । यी मध्ये कुनै पनि क्षेत्रमा आफ्नो चिन्ता ब्यक्त गर्नुहोस् जसले तपाईलाई आफ्ना भावनाहरु मार्फत काम गर्न मदत गर्न सक्छ । यदि तपाई मानसिक तनाव, गहिरा सोचहरु मार्फत अत्याधिक रुपमा जान थाल्नुभएको छ भने मदत लिनुहोस् ।

**पन्ध्रौं दिनका वचनहरु फेरी पढ्नुहोस् र परमेश्वरले दिनुभएको जतिमा परमेश्वरमाथी भरोसा गर्ने हृदयको लागि प्रार्थना गर्नुहोस् ।**

**<u>एक्काइसौं दिन : निर्णय गर्नुहोस्</u>**

**हितोपदेश २३ : ४, २१: २५ र २६ पढ्नुहोस्**

ऋणले बैंकलाई धनी र मानिसलाई गरीब बनाउँछ । धनी बन्ने कुनै प्रभावकारी योजना छैन ।

ऋण लिने चाहीँ ऋण दिनेको सधैं दास रहन्छ ।

आफ्नो आर्थिक अवस्थाको हिसाब किताब गर्नुहोस् । आफ्नो कमाइअनुसार जीवन बिताउनुहोस् र ऋणबाट मुक्त हुनुहोस् ।

**रोमी १३ : ८ पढ्नुहोस्**

**ऋणमा उस हप्ताको पाठबाट तपाईका निर्णयहरु के के छन् ?**

**<u>बाइसौं दिन : खजानाको खोजी</u>**

खजाना भन्ने शब्दले हामीलाई खोज्न प्रेरित वा लोभ्याउने गर्छ । सायद हुनसक्छ हामीले हाम्रो सबै आर्थिक समस्याहरु समाधान गर्ने भाग्य भेट्टाउने छौं । खजाना भनेको सबैले खोज्ने कुराको वर्णन गर्दछ, यो पैसा नै हुनुपर्छ भन्ने छैन । यो जीवनका समस्याका समाधान वा राम्रो जीवन जिउने गोप्य कुरा पनि हुन सक्छ ।

हामी खजानाको खोजी गर्दछौं भन्ने येशूलाई थाह छ । उहाँलाई यो पनि थाह थियो कि धेरैजसोले धनलाई खजाना जस्तै हो भनेर गलत सोच्छन् । वेबस्टर शब्दकोशले खजानालाई : केही ठूलो मुल्यको, दुर्लभ, वा बहुमुल्य ब्यक्ति वा मूल्यवान बस्तुहरु भनेर ब्याख्या गरेको पाईन्छ ।

**मत्ती ६ : १९ देखि २१ सम्म पढ्नुहोस्**

डाँडाको उपदेशमा येशूले खजानालाई सही रुपमा ब्याख्या गर्नुभएको छ र यो येशूलाई कसरी पछ्याउने सँग सम्बन्धित छ भन्ने प्रष्ट पार्नुभएको छ। खजाना र धन बराबर हुन्छ भन्ने धारणालाई येशूले सच्याउनुभएको छ। तपाईले यो धारणालाई बुझ्नुभयो भनी चाँडै अनुमान नगनुहोस्, किनकि यो बुझाई हाम्रो अधार्मिक मनको लागि नयाँ मात्र होईन, तर साँस्कृतिक हिसाबले फरक पनि हो।

धनी मानिसहरुले येशूको धन सम्बन्धि सिकाउनुभएको वचनलाई सही तरिकाले ब्याख्या गर्दैनन्। त्यसैगरी हामी पनि यस वचनलाई गलत तरिकाले बुझ्दछौं : जहाँ तिम्रो धन हुन्छ, त्यहाँ तिम्रो मन पनि हुन्छ। किनकि हामी यो कुरा राम्रो हो भनेर हाम्रो मनासयलाई मात्र मुल्याँकन गर्दछौं, तर हामीले के कुरामा परिवर्तन गर्नुपर्छ भन्ने कुरामा त्यति ध्यान दिदैनौं।

येशूले यी कुराको बारेमा बास्तवमा एउटा शक्तिशाली सिद्धान्त सिकाउनुहुन्छ : तपाईले आफ्नो मन जे कुरामा लगाउनुहुन्छ, तपाईको मन त्यतैतिर जान्छ। तपाई आफ्नो मेहनत, समय र धन पृथ्वी वा स्वर्गीय जुन कुरामा बढी लगाउनुहुन्छ, त्यसैमा तपाईको मन पनि जान्छ। येशूले स्वर्गमा धन वा इनाम थुपार्नु भन्ने कुरालाई कसरी ब्याख्या गर्नुहुन्छ ?

**गुप्तमा गरिएको धार्मिकताको कार्य**

**मत्ती ६ : १** होसियार बस, तिमीहरु मानिसहरुलाई देखाउनलाई धर्मकार्य नगर। नत्रता स्वर्गमा हुनुहुने तिमीहरुका पिताबाट तिमीहरुले केही इनाम पाउनेछैनौ।

**तपाईको धनसम्पत्तिलाई बेच्नुहोस् र गरीवलाई दिनुहोस्**

**मत्ती १९ : २१, लूका १२ : ३३ र १८ : २२**

**तपाई खजानालाई खोज्न र स्वर्गमा धन थुपार्नलाई के गर्न सक्नुहुन्छ ?**

**तेइसौं दिन : खजाना दिने ब्यक्ति**

**क. यूहन्ना ३ : १६ पढ्नुहोस्**

परमेश्वर परमदाता हुनुहन्छ। उहाँलाई दाताको रुपमा ब्याख्या गर्नुहोस्।

**ख. उत्पत्ति १ : २६ पढ्नुहोस्**

यदि हामी उहाँको स्वरुपमा रचिएका छौं भने हामीलाई दाता स्वरुप बनाइएको छ। **परमेश्वरको खजानालाई बाँड्दै दाता बन्न तपाईलाई कसरी यसले मदत गर्छ ?**

**अरु कुन कुन वचनहरुले परमेश्वर दाता हुनुहुन्छ भन्ने कुरा बताउँछन् ?**

**ग. २ कोरिन्थी ९ : १० र ११ पढ्नुहोस्**

परमेश्वरले हामीलाई उहाँका खजाना दिनुहुन्छ। परमेश्वरले दिनुहुने उहाँको राज्यको धनको अपार आशिषलाई हामी बाँड्दछौं।

**के सन्दर्भमा पावलले भने कि परमेश्वरले हामीलाई समृद्ध बनाउनुहुन्छ ?**

**हाम्रो उदारताले मानिसहरुलाई कसरी परमेश्वरप्रति धन्यबादी हुन प्रेरित गर्दछ ?**

**<u>चौबिसौँ दिन : खजाना भेटियो</u>**

**मत्ती १३ : ४४**

**तपाईलाई कसरी थाह भयो कि खजाना खोज्नेले उसले के खोजिरहेको थियो र के भेटियो भन्ने कसरी बुझ्यो ?**

परमेश्वरको राज्यमा तपाईले भेटाउनुभएको असल खजानाको बारेमा ब्याख्या गर्नुहोस् ।

यी वचनहरुले कसरी खजानालाई हाम्रो उदारतासँग जोडेको छ, विचार गर्नुहोस् ।

**क. लूका ३ बप्तिस्मा दिने यूहन्ना :** कपडा, खाना बाँड । अरुलाई नठग्नुहोस्, जति दिइएको छ त्यसमा सन्तुष्ट हुनुहोस् ।

**ख. मत्ती १९ : २१, धनी शासक :** सारा सम्पत्ति बेच र गरीबलाई बाँड......खजाना खोज

**ग. लूका १९ : १ देखि १० सम्म, जखायस :** जब उनले आफ्नो आधा सम्पत्ति दान दिए तब येशूले भन्नुभयो, मुक्ति तिम्रो घरमा आएको छ ।

**घ. येशूका पहिलाका चेलाहरु :** आफूसँग भएको धनसम्पत्ति बेचेर गरीबलाई बाँडे.........स्वर्गको राज्यको खजाना प्राप्त गरे ।

**ङ. प्रेरित १९ : १९, एफिसीहरु :** लाखौँको मूल्य रहेको टुनामुना गर्ने पुस्तकहरु जलाए....अझ ठूलो खजाना प्राप्त गरे ।

**तपाईलाई के लाग्छ, परमेश्वरले किन दिने कार्य र खजाना प्राप्त गर्ने कुरालाई जोड्नुभएको छ ?**

**<u>पच्चीसौँ दिन : भेटीदिने बारेमा पुरानो करारका उदारहणहरु</u>**

पुरानो करारका पात्रहरुले के कुरा दिए भन्ने कुरा ब्याख्या गर्नुहोस्

**उत्पत्ति- १४ : २०** अब्राहामले दिए................................

**उत्पत्ति- २८ : २२** याकुबले दिए...................................

**लेवी- २७ : ३०- ३२** इस्राएलीहरुलाई दिन सिकाइएको थियो.........................

**गन्ती- १८ : २६** लेवीहरुले दिए......................................

**ब्यबस्था- १४ : २२- २९** इस्राएलीहरुले दिनुपर्ने तीन किसिमको दशांशहरुको ब्याख्या गर्नुहोस् ।

मलाकी किताबले ब्याख्या गर्दछ कि कसरी मलाकीले इस्राएलीहरुलाई दिनको लागि चुनौती दिए र आज हामीलाई त्यो वचन कसरी लागु हुन्छ ?

**मलाकी ३ मा मलाकीले कसरी तिनीहरुको भेटी दिने स्वभावको बारेमा चुनौती दिए ?**

**<u>छब्बीसौं दिन : भेटी दिने बारेमा नयाँ करारका उदाहरणहरु</u>**

तल उल्लेखित नयाँ करारका पात्रहरुले कसरी भेटी दिए बर्णन गर्नुहोस् ।

**मर्कुस- १२ : ४१- ४४** बिधुवाले दिइन्.....................................

**लूका- ७ : ३६- ५०** पापी स्त्रीले दिइन् ....................................

**प्रेरित- ४ : ३६- ३७** बारनाबासले दिए ....................................

**२ कोरिन्थी- ८ : १- ४** माकेडोनियाका चेलाहरुले दिए ............................

**२ कोरिन्थी- ८ : ९** येशूले दिनुभयो .................................

**<u>सत्ताइसौं दिन : प्रशस्तता</u>**

शब्दकोषले ब्याख्या गर्दछ कि प्रशस्तता भनेको भरिएर पोखिनु हो । परमेश्वरले उहाँको दयाअनुसार भरिएर पोखिने गरी दिनुहुन्छ ।

**लूका- ६ : ३८** देओ र तिमीहरुलाई पनि दिइनेछ । मानिसहरुले प्रशस्त परिमाणमा खाँदीखाँदी बेसरी हल्लाएर , पोखिने गरी तिमीहरुको पोल्टामा राखिदिनेछन् । किनकि जुन नापले तिमीहरु दिन्छौ, त्यही नापमा तिमीहरुले पनि फिर्ता पाउनेछौ ।

- हामीले दिने भेटीले परमेश्वरले दिनुभएको कुरामा प्रभाव पार्छ वा दिन चुकेको कुरालाई जनाउँछ ?

**यूहन्ना- १० : १०** चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ । म त तिनीहरुले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।

**२ कोरिन्थी-९ : ८** परमेश्वरले तिमीहरुलाई हरेक आशिष् प्रशस्त मात्रामा दिन सक्नुहुन्छ, ताकि तिमीहरुसित सधैं नै हरेक कुरा प्रशस्त होस् र हरेक असल कामको निम्ति तिमीहरुले प्रशस्त मात्रामा दिन सक ।

- नयाँ करारमा परमेश्वरले दिनुभएको प्रशस्ततालाई ब्याख्या गर्नुहोस् ।

**१ तिमोथी- ६ : १७- १९** पावले धनी चेलाहरुलाई कसरी भविष्यको लागि असल जग बसाल्न आज्ञा दिनुभयो ?

**<u>अट्ठाइसौं दिन : इनाम</u>**

**मत्ती- ६ : २० तर आफ्नो निम्ति स्वर्गमा धनसम्पत्ति थुपार, जहाँ कीराले वा खियाले नष्ट पार्दैन, र चोरले पनि चोर्दैन ।**

के हामीले इनामको खोजी गरेको परमेश्वर चाहनुहुन्छ ?

**हिब्रु- ११ : ६ उहाँलाई खोज्नेहरुलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।** के तपाई विश्वास गर्नुहुन्छ कि परमेश्वरले तपाईको लागि इनाम राख्नुभएको छ ?

**यूहन्ना- १४ : १- ३**

तिमीहरुको हृदय व्याकुल नहोस् । तिमीहरु परमेश्वरमाथी विश्वास गर्दछौ । ममाथी पनि विश्वास गर । मेरा पिताको घरमा बस्ने ठाउँहरु धेरै छन् । त्यसो नभए, के म तिमीहरुलाई भन्नेथिएँ र ,कि तिमीहरुका निम्ति ठाउँ तयार पार्न म गइरहेछु ? अनि गए। मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरी आउनेछु र तिमीहरुलाई मकहाँ लैजानेछु र जहाँ म छु, त्यहाँ तिमीहरु पनि हुनेछौ ।

- सोच्नुहोस् कि येशूले तपाईको निम्ति कोठा तयार पार्दै हुनुहुन्छ । यो कुराले तपाईलाई कसरी प्रेरणा मिल्छ ?

**उत्पत्ति- १५ : १** परमेश्वर हाम्रो ठूलो इनाम हुनुहुन्छ । तपाईको लागि यसको मतलब के हो ?

**स्वर्गको वर्णन : हाम्रो इनाम वा धन कस्तो देखिन्छ ?**

**प्रकाश- २१ : १८- २६ पढ्नुहोस्**

**स्वर्गको धनको बयान :**

- स्वर्गको धन येशूको सुसमाचारमा केन्द्रित छ ।
- आज हामीले सँसारिक धन भन्दा साँचो स्वर्गीय धनको खोजी गरेको परमेश्वर चाहनुहुन्छ ।
- हामीलाई दिनुहुने परमेश्वरजस्तै हुन हामी सृष्टि भएका हौं ।
- दिनु भनेको स्वर्गमा धन प्राप्त गर्ने एउटा गुप्त कुरा हो र भौतिक लोभलालचको समाधान हो ।
- परमेश्वरले हामीलाई प्रशस्त दिनुहुन्छ, जब हामी अरुलाई दिन्छौं, परमेश्वरले हाम्रो लागि त्यसरी नै योजना बनाउनुहुन्छ ।
- परमेश्वरले दिनुहुने इनाम, अनन्तको, ब्याख्या गर्न नसकिने र उहाँले हाम्रो निम्ति तयार गर्दै हुनुहुन्छ, जसलाई हामीले खोज्नुपर्छ र भेट्टउनुपर्दछ ।
- स्वर्गमा रहेको हाम्रो धन परमेश्वर नै हुनुहुन्छ ।

**<u>उनान्तीसौं दिन : पहिले सुम्पिनुहोस्</u>**

**हितोपदेश- १६ : ३ तैंले गर्ने जुनसुकै कुरा परमप्रभुलाई सुम्पिदे, र तेरा योजनाहरु सफल हुनेछन् ।**

परमेश्वरले अनुमान गर्नुहुन्छ कि तपाईले योजनाहरु बनाउनुहुन्छ । तपाईको आर्थिक कुराहरुको बारेमा प्रार्थना गर्नुहोस् र परमेश्वरलाई एक विश्वासनिय व्यबस्थापकको रुपमा सुम्पिनुहोस् ।

**हितोपदेश- १४ : २४ बुद्धिमानको सम्पत्ति तिनीहरुको मुकुट हो, तर मूर्खहरुको मुर्खताले मूर्खता नै उत्पन्न गराउँछ ।**

तपाई आफ्नो जीवनमा इनाम वा सफलताको अपेक्षा गर्नुहोस् । यदि परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने को हाम्रो बिरुद्ध हुन्छ ? तपाईले योजना बनाएअनुसार त्यसैमा रहनुभयो भने त्यसको इनाम पाउनुहुन्छ तर शुरुमा केही समयको लागि पीडादायी हुन सक्छ । तपाई कस्तो किसिमको इनामको खोजीमा हुनुहुन्छ ? तपाई के कुरालाई धनसम्पत्ति मान्नुहुन्छ ?

**<u>तिसौं दिन : सल्लाह लिनुहोस्</u>**

**हितोपदेश- १५ : २२ परामर्शको कमीले गर्दा योजनाहरु विफल हुन्छन् तर धेरै परामर्शदाताहरुको कारण तिनीहरु सफल हुन्छन् ।**

**हितोपदेश- १२ : १५ मूर्खको बाटो आफ्नो नजरमा ठीकै देखिन्छ, तर समझदार मानिसले अरुको सल्लाह सुन्छ ।**

**हितोपदेश- १३ : १० घमण्डले केवल झगडा पोस्दछ, तर सरसल्लाह लिनेहरुमा बुद्धि पाईन्छ ।**

तपाईको जीवनमा आर्थिक कुराहरुको सल्लाहकार को हुनुहुन्छ ?

तपाईको आर्थिक कुराहरुमा मदत गर्नको लागि प्रार्थना गर्नुहोस् र कसैलाई चुन्नुहोस् ।

आत्मिक दाजुभाई तथा दिदीबहिनीहरुबाट, किताबहरु पढेर, विभिन्न आर्थिक कुराहरु सम्बन्धि कार्यक्रमहरुमा भाग लिएर सिक्नुहोस् र आवश्यक परेको बेलामा सही व्यक्तिहरुबाट सल्लाह लिनुहोस् ।

**<u>एकतीसौं दिन : परिश्रम गर्नुहोस्</u>**

**हितोपदेश- १४ : २३ सबै कठोर परिश्रमले लाभ हुन्छ, तर कुरै मात्र गर्ने चाहीँ दरिद्रमा पुग्छ ।**

**हितोपदेश- २१ : ५ लगनशीलको योजनाहरुले लाभ गराउनेतर्फ उन्मुख गराउँछ, त्यसरी नै हतार गर्नाले दरिद्रमा पुगिन्छ ।**

- तपाईले परिवर्तन गर्ने ज्ञान मात्र लिने होईन तर कसरी खर्च गर्ने ब्यबहारमा परिवर्तन गर्ने भन्ने बारेमा प्रार्थना गर्नुहोस् ।
- तपाईको सल्लाहकारसँग बसेर सबै आर्थिक कारोबारहरुको बारेमा छलफल गर्नुहोस् र मदत लिनुहोस् ।
- सबै योजनाहरु बनाइसके पछि त्यसलाई ब्यबहारमा उतार्नुहोस् । परमेश्वरले हामीलाई सुम्पिनुभएको पैसालाई कसैको मदतबिना राम्ररी ब्यबस्थापन गर्न कठिन हुन्छ ।